**मुगुम कार्मारोङ्ग गाउँपालिका**

**तथा**

**नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ (NCCSP-2)**

**बीचको**

# समझदारी-पत्र

१. यस समझदारी पत्रलाई प्राविधिक सहयोग प्रदायक संस्था मोट म्याकडोनाल्ड लिमिटेडको प्राविधिक सहयोगमा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को कार्यान्वयनका लागि तयार गरेको कार्यान्वयन ढाँचा अन्तर्गत देहायका दस्तावेजहरुको संयोजनका रुपमा अध्ययन गर्नुपर्नेछ।

- जलवायु मैत्री विकास (Climate Smart Development) कार्यक्रमका लागि सन् २०१७ मे २४ मा सम्पन्न "नेपाल सरकार र संयुक्त अधिराज्य अन्तर्गत वेलायत तथा उत्तरी आयरल्याण्डका तर्फबाट कार्य गर्नेगरी वेलायती अन्तराष्ट्रिय सहयोग नियोग (डिएफआइडि) बीच आर्थिक सहयोग र प्राविधिक सहायताका लागि समझदारी पत्र"।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको सान्दर्भिक नीतिगत व्यवस्थाहरु।
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को कार्यक्रम सञ्चालन कार्यविधि-२०७७ ले व्याख्या गरेका भूमिका, जिम्मेवारी र लागू हुने कार्यविधि (विस्तृतका लागि अनुसूची-२)।

२. यस समझदारी-पत्र तथा यसको अनुसूचीमा उल्लेखित प्राविधिक सहायता व्यवस्थापन र कोषको प्रयोग सम्बन्धी उद्देश्यका लागि समग्रतामा "यो व्यवस्थापन" भनिएको छ।

३. जलवायु अनुकुलन तथा उत्थानशील कृयाकलाप तर्जुमा तथा कार्यान्वयन गर्न हस्ताक्षर गर्ने पक्षहरु स्थानीय अनुकूलन कार्ययोजनाको खाका-२०७६ तथा राष्ट्रिय जलवायु परिवर्तन नीति-२०७६ अन्तर्गतका नीतिगत निर्देशन पालना गर्न सहमत छौं। कोभिड-१९ को प्रकोपबाट पुर्नस्थापन गर्नका लागि पनि प्राविधिक सहायता प्रदायक संस्थासंगको सहमतिमा यस कार्यक्रम अन्तर्गत उचित कृयाकलापहरु संचालन गर्न सकिनेछ।

४. यस समझदारी पत्रले आर्थिक वर्ष २०७७/७८ (वा सन् २०२०/२१) लाई समेट्दछ। नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ बजेटमा तथा कोषमा आधारित आर्थिक सहायता हो।

## काम, कर्तव्य र जिम्मेवारीहरु

५. कार्यान्वयन निकायका रुपमा मुगुम कार्मारोङ्ग गाउँपालिका :

- जलवायु उत्थानशील विकासलाई नियमित बजेट तथा योजना तर्जुमा प्रक्रियाको अभिन्न अंग मानी जलवायु अनुकूलन तथा उत्थानशील योजनाहरु तर्जुमा गर्ने।
- सशर्त अनुदान अन्तर्गत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कोषको उचित व्यवस्थापन गर्ने।
- प्राविधिक सहायता प्रदायकको सहयोगमा प्रकृयागत आवश्यक कागजातहरु (जस्तै : विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन तथा अनुगमन योजनाहरु, सम्झौता पत्रहरु, आदि) तयार गर्ने।

Mott MacDonald Limited
MOTT MACDONALD
Registration no. 17623



मुगुम कार्मारोङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुगु
कर्णाली प्रदेश नेपाल

- सम्भावित उपभोक्ता समितिहरु र निर्माण व्यवसायीहरुको प्राविधिक तथा वित्तीय लगनशीलता/इमान्दारिता लेखाजोखा गर्ने ।
- गाउँपालिकाको आफ्नो बजेटबाट लगानीका लागि आवश्यक रकम समपूरकको रुपमा उपलब्ध गराउने ।
- उपभोक्ता समिति, परामर्शदाता, र निर्माण व्यावसायीसँगको सम्झौता पत्र तयार गर्ने, लागु गर्ने ।
- परियोजना कार्यान्वयनका क्रममा हुने स्वास्थ्य तथा सुरक्षासम्बन्धी जोखिम न्यूनिकरण गर्न कार्यक्रम सञ्चालन कार्यविधि अनुरुप सुरक्षा सामाग्रीको प्रयोग, बीमा आदिको सुनिश्चितताको अनुगमन गर्ने ।
- जलवायु अनुकूलन तथा उत्थानशील योजनाहरुको प्रगति अनुगमन गर्ने तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहायता प्रदायक संस्थाले गुणस्तरीयता अनुमोदन गरे पश्चात मात्र भुक्तानी गर्ने ।
- परियोजनाको अभिलेख र लेखाको भौतिक तथा अभौतिक (डिजिटल) रुपमा व्यवस्थित गरी राख्ने र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को वित्त व्यस्थापन सहयोगी, केमोनिक्स इन्टरनेशनल तथा प्राविधिक सहयोग प्रदायकलाई सक्कल वा प्रतिलिपी, वा दुवैमा पहुँचको व्यवस्था गराउने ।
- सरकारी व्यवस्था अनुसार कार्यक्रमको मासिक तथा चौमासिक प्रगति विवरण (भौतिक तथा वित्तीय) तयार पारी समयसीमा भित्रै उपलब्ध गराउने ।

६. <u>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहयोग प्रदायक (मोट म्याकडोनाल्ड लिमिटेड)</u>:

- कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनमा सक्रिय भूमिका निभाउने ।
- गाउँपालिकालाई स्थानीय अनुकुलन कार्ययोजना (लापा), जलवायु परिवर्तन नीति र उत्थानशीलता प्रवर्द्धन आदीवारे जानकारी दिने तथा क्षमता अभिवृद्धि गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील आयोजनाहरुको योजना तर्जुमा, लागत अनुमान र डिजाइन, साथै कार्यप्रगतिमा आधारित भुक्तानीका आधारहरुको मार्गदर्शन गर्ने ।
- गाउँपालिका तथा सेवा प्रदायक/कार्यान्वयनकर्ता निकाय बीचको खरिद प्रक्रिया तथा सम्झौताहरुको गुणस्तर निरीक्षण गर्ने ।
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ सम्बन्धी सुपरीवेक्षण कार्यहरुको गुणस्तरीयता निरीक्षण गर्ने ।
- हाँसिल भएको कार्यप्रगति (गुणस्तर/सम्पन्नता) प्रमाणीकरणका आधारमा भुक्तानीका लागि अनुमोदन गर्ने ।
- परियोजना कार्यान्वयनका क्रममा हुने स्वास्थ्य तथा सुरक्षासम्बन्धी जोखिम न्यूनिकरण गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय वा मन्त्रालयलाई पठाउनु पर्ने भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयारी सम्वन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
- आवश्यकता अनुसार गाउँपालिका एवं वन तथा वातावरण मन्त्रालयलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ कार्यान्वयनका क्रममा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।

Mott MacDonald Limited-Nepal
MOTT MACDONALD
Registration no. 176230/074/075

- प्राविधिक प्रतिवेदन प्रस्तुति तथा ज्ञान व्यवस्थापन गर्न सहयोग गर्ने ।
- वित्तीय प्रतिवेदन एकिकृत गर्न तथा शोधभर्ना प्राप्तिका लागि मन्त्रालयलाई प्राविधिक सहायता उपलब्ध गराउने ।

७. <u>नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को वित्त व्यवस्थापन सहयोगी (केमोनिक्स इन्टरनेशनल):</u>
- गाउँपालिकाको वित्त व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
- गाउँपालिकालाई वित्त व्यवस्थापनसम्बन्धी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, जसअन्तर्गत कार्यक्रम सम्बन्धी प्रशासनिक तथा वित्तीय दस्तावेजको आवश्यकता अनुसार क्रमागत रुपमा निरीक्षण गरी गाउँपालिका तथा प्राविधिक सहायता प्रदायकलाई पृष्ठपोषण गर्ने ।

८. <u>कार्यकारी निकायका रुपमा वन तथा वातावरण मन्त्रालय :</u>
- कार्यक्रमको समग्र व्यवस्थापन र सुशासनको प्रबन्ध मिलाउने,
- गाउँपालिका तथा साझेदारहरु संग समन्वय र सहकार्य गर्ने,
- क्षमता विकासका क्रियाकलापहरुमा सल्लाह दिने तथा सहभागी हुने,
- उच्च स्तरीय अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु गर्ने,
- कार्यक्रमको योजना तथा बजेट तर्जुमाका लागि मार्गदर्शन प्रदान गर्ने,
- अर्थ मन्त्रालय तथा वेलायती सहयोग नियोगसंग वित्त व्यवस्थापन सम्बन्धी आवश्यक समन्वय गर्ने,
- प्राविधिक सहायता प्रदायकको सहयोगमा गाउँपालिकाबाट भएगरेका खर्च समेतको एकिकृत प्रतिवेदनलाई वेलायती अन्तराष्ट्रिय सहयोग नियोगलाई सम्प्रेषण गर्ने, शोधभर्ना प्राप्त गर्ने तथा अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यलयलाई निकाशा फुकुवाका लागि अनुरोध गर्ने ।

**<u>हिनामिना तथा भ्रष्टाचार निवारण :</u>**

९. डिएफआइडिको पूर्ण वा आंशिक वित्तीय लगानी भएको परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्नमा शंकास्पद वा वास्तविक हिनामिना वा भ्रष्टाचार वा कुनै वित्तीय अनियमितता वा अनुचित कार्य लगायत कुनै हस्तक्षेप वा भौतिक रुपमा धम्कीपूर्ण घटना भएमा गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहयोग प्रदायकले विना कुनै विलम्ब तत्कालै डिएफआइडिलाई जानकारी गराउने छन् ।

१०. गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहयोग प्रदायकले रकमको दुरुपयोग हुन सक्ने हिनामिना तथा जालसाजीपूर्ण व्यवहारप्रति शून्य सहनशिलताको पद्धति अवलम्वन गर्ने तथा त्यस्तो रकम असुल गर्ने सिद्धान्तमा सहमत हुनेछन् । सर्वप्रथम गाउँपालिकाले हिनामिनाको विश्वस्त आरोपप्रति समयमै छानविनको उपयुक्त कारवाही अगाडी बढाउने छन् ।

**<u>सामान्यतया समझदारीको समाप्ति :</u>**

११. यदी यस व्यवस्थामा भएका प्रावधानहरु गाउँपालिकाबाट वा साझेदार संस्थाहरुबाट पुरा नगरिएमा वा परियोजनामा विकास सम्बन्धी मान्यतालाई विगार्ने खालका क्रियाकलाप भएमा, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहयोग प्रदायकले गाउँपालिकासँग छलफल गर्नेछ र लेखाजोखा गर्नेछ । त्यसपश्चात डिएफआइडिले देहायका मध्ये कुनै कदम चाल्न सक्छ :

Mott MacDonald Limited-Asia
MOTT MACDONALD
Registration no. 176230/074/075

- भविष्यमा चाल्न सक्ने कदम बारे संकेत गर्ने, र
- यसै व्यवस्थामा उल्लेखित समझदारी समाप्ति सम्बन्धी प्रावधान अन्तर्गत रकम निकासा रोक्ने ।

१२. परियोजना अवधिभरिमा उठ्न सक्ने कुनै पनि सवाललाई दुवै सहभागी पक्षले सर्वप्रथम समाधानका लागि छलफल गर्नेछन् । तर, यसका व्यवस्थालाई चार हप्ताको लिखित सूचना दिई कुनै पनि समयमा कुनै पनि पक्षले समाप्त गर्न सक्छन् । समझदारीको समाप्ति भन्दा अगाडी दुवै पक्षको सहमतिमा असल नियतले चयन गरिएका परियोजनाको क्रियाकलाप सम्पन्न गर्न आवश्यक प्रतिवद्धता रकम बाहेक बाँकी रकम नेपाल सरकारको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

**अतिरिक्त प्रावधानहरु :**

१३. यस समझदारी पत्रलाई गाउँपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को प्राविधिक सहयोग प्रदायक बीच हुने लिखित सम्झौताले मात्र परिमार्जन गर्न सक्नेछ ।

१४. यस समझदारी पत्रमा रहेका कुनै प्रावधानमा संशोधन भएमा लिखित रुपमा र हस्तारक्षर गरेपछि मात्र लागू हुनेछ ।

मुगुम कार्मारोङ्ग गाउँपालिकाका तर्फबाट हस्ताक्षरकर्ता :

नाम : छिरिङ क्याप्ने लामा

पद : गाउँपालिका अध्यक्ष

ठेगाना/सम्पर्क विवरण : मुगुम कार्मारोङ्ग गाउँपालिका, पुलु, मुगु

मिति : २०७७०५।१२

हस्ताक्षर :

छिरिङ्ग क्याप्ने लामा
गाउँपालिका अध्यक्ष

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को तर्फबाट हस्ताक्षरकर्ता :

नाम : मान बहादुर बि.क.

पद : उप - टोली प्रमुख, NCCSP-2, प्राविधिक सहयोग

ठेगाना/सम्पर्क विवरण : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२, वन तथा भू-संरक्षण विभाग परिसर, बबरमहल, काठमाण्डौं ।

मिति :

हस्ताक्षर :